# उच्च माध्यामिक स्तरका विद्यालय
# भरनाका लागी रकमको सहयोग प्राप्तिका निमित्त गरिने कागज प्रक्रिया

ネパール語

उच्च माध्यामिक स्तरका विद्यालय भरनाका लागी सहयोग रकम(आइन्दा, "विद्यालय भरनाका लागी सहयोग रकम" भनिने) भनेको, निम्न लिखित सर्त पुरा गरेका विद्यार्थीहरूको पढाइ शुल्क विद्यार्थीको सट्टामा सरकारद्वारा बेहोरिने प्रणाली हो।ऋणमा दिइने छात्रवृत्ति प्रणालीमा जस्तो रकम फिर्ता गर्नु आवश्यक हुँदैन। नयाँ भरना हुने प्रथम वर्षिय विद्यार्थीले अप्रिल र जुलाइ महिना गरि २ पटक कागज प्रक्रिया गर्नुपर्ने हुन्छ।(जुलाइ महिनाको कागज प्रक्रिया हरेक वर्ष आवश्यक पर्छ।)

उपलब्ध गराइ पाउनका लागी आवश्यक बुँदाहरू

○ अभिभावकको "सिच्योसोनमिनजे (गाउँ वा नगरवासी कर) को मानक कराधान रकम×६%－सिच्योसोनमिनजे (गाउँ वा नगरवासी कर रकम) को समायोजन कटौती रकम (सरकारको अध्यादेशद्वारा तोकिएको सहरमा निवासी कर भुक्तानी गरिरहेको खण्डमा, समायोजन कटौती रकमलाई ३/४ ले गुणा गरेको रकम) गरी हिसाब गर्दा, हिसाब मापदण्ड रकम ३,०४,२०० येन भन्दा कम हुनुपर्ने।
वार्षिक आम्दानी लगभग ९१,००,०००यन सम्म हुनु पर्ने तर पालन पोषण आदिका सर्त अनुसार फरक पर्न सक्छ।
अप्रिल महिनामा अघिल्लो वर्षको रकम र जुलाई महिनामा चालू वर्षको रकम अनुसार निर्धारण गरिन्छ।
मातापिता दुबैको आम्दानी रहेको छ भने त्यसको कुल रकम अनुसार तोकिन्छ।

○ उच्च माध्यामिक विद्यालयमा अध्ययनरत कुल अवधि ३६ महिना भन्दा बढी हुन नहुने।
रात्री वा निर्धारित समयमा मात्र हुने शैक्षिक प्रणाली(तेइजिसे) तथा सन्चार माध्याम(चुसिनसे) द्वारा हुने शैक्षिक प्रणालीको सन्दर्भमा ४८ महिना हो।राष्ट्रिय,सरकारी वा निजि स्तरका जुनसुकै विद्यालयमा पनि लागु हुनेछ।

○ निवेदन पत्र र マイナンバーカード(まいなんばーかーど) माइ-नम्बर कार्डको फोटोकपी आदि तोकिएको म्याद भित्र विद्यालयमा पेस गर्ने।

निवेदन पत्र तोकिएको म्याद भित्र पेस गर्न नसकेमा वा रकम उपलब्ध गराइ पाउने वर्गमा नपरेको खण्डमा, पढाइ शुल्क तिर्नुपर्ने हुन्छ। पढाइ शुल्क,वार्षिक १,१८,८००यन हो र कुल चार पटकको किस्ताबन्दी द्वारा तिर्नुहोला। विद्यालय भरनाका लागी सहयोग रकम उपलब्ध गराइ पाउनको लागी छानबिन परिक्षा लिइन्छ। अप्रिल महिनामा पेस गरिएका निवेदनहरू प्रति लिइएका छानबिन परिक्षाको नतिजा जुलाइ महिनाको सुरु तिर हुने(योजना गरिएको) र सोको सुचना विद्यालयको माध्याम द्वारा उपलब्ध गराइने छ।

कागज प्रक्रिया गर्नका लागी आवश्यक マイナンバーカード(まいなんばーかーど) माइ-नम्बर कार्डको फोटोकपी आदिको बारेमा

१) निम्न मध्ये माइ-नम्बर लेखिएको कुनै एउटा कागज पत्रको फोटोकपी पेस गर्नुहोस्।

- माइ-नम्बर कार्डको पछाडिको भाग
- माइ-नम्बर लेखिएको निवासी प्रमाण पत्र (३ महिना भित्र जारी गरिएको हुनुपर्ने)

※माइ-नम्बर निश्चय गर्न सकिने कागज पत्र (अभिभावक आदि परिवारको सबै सदस्यहरूको) पेस गरी, अभिभावक आदिमा परिवर्तन नभएको अवस्थामा, अध्ययन गरिरहेको बेलाको マイナンバーカード(まいなんばーかーど) माइ-नम्बर कार्ड अथवा अन्य सम्बन्धित कागजातहरू पेस गर्नु पर्दैन।

२) माइ-नम्बर कार्डको फोटोकपी आदिको सट्टामा, निम्न मध्ये कुनै एक आम्दानी प्रमाणित गर्ने कागज पत्र पेस गरे पनि हुन्छ।

- जीवन यापन आरक्षणको (सेकाचुहोगो)रुपमा रकम उपलब्ध गराइ पाएका परिवारका सदस्यले 生活保護受給証明書(せいかつほごじゅきゅうしょうめいしょ) जीवन यापन आरक्षण रकम प्राप्त प्रमाण पत्र पेस गर्नुहोला।
- ३ महिना भित्र जारी गरिएको生活保護受給証明書(せいかつほごじゅきゅうしょうめいしょ) जीवन यापन आरक्षण रकम प्राप्त प्रमाण पत्र को सक्कलको आवश्यकता हुन्छ। फोटोकपी अमान्य हुनेछ। पेस गरिएका सक्कल प्रतिहरू फिर्ता गरिने छैन।

※माथि उल्लेखित २) को आम्दानी प्रमाणित गर्ने कागजातद्वारा आवेदन दिइएको खण्डमा, अर्को चोटि आवेदन दिने बेला, माइ-नम्बर निश्चय गर्न सकिने कागज पत्र (अभिभावक आदि परिवारको सबै सदस्यहरूको) अथवा आम्दानी प्रमाणित गर्ने कागज पत्र पेस गर्नुपर्नेछ।

## छात्रवृत्तिका लागी अनुदान रकम उपलब्ध गराइ पाउनका लागी आवश्यक कागज प्रक्रिया

छात्रवृत्तिका लागी अनुदान रकम (आइन्दा, "छात्रवृत्ति अनुदान रकम" भनिने), सबै अभिभावक (मातापिता दुबै)को "दोफुकेनमिनजे स्योतोकुवारिगाकु" र "सिच्योसोनमिनजे स्योतोकुवारिगाकु"लाई जोड्दाको कुल रकम ० येन हुने (कर नलाग्ने) परिवारले(आइन्दा, "कर नलाग्ने परिवार" भनिने) ,अथवा जीवन यापन आरक्षण रकम उपलब्ध गराइएको परिवारले पढाइ शुल्क बाहेकका शैक्षिक शुल्क तिर्ने रकमको रूपमा प्रयोग गर्न सकोस् भन्ने हेतुले उपलब्ध गराइने रकम हो र उक्त रकम फिर्ता गर्न आवश्यक पर्दैन। निवेदन कागज प्रक्रिया अभिभावकको बसाईं रहेको अञ्चलमा वर्षको १ पटक जुलाइ महिनामा गरिन्छ।

उपलब्ध गराइने रकम (वार्षिक रकम) जीवन यापन आरक्षण रकम उपलब्ध गराइएको परिवारलाई ३२,३००यन र कर नलाग्ने परिवारलाई ८४,०००यन हो।

यद्यपी, कर नलाग्ने परिवारमा पालन पोषण हुने माइलो वा सो भन्दा कान्छो उमेरका सन्तान जो उच्च माध्यामिक विद्यालयमा अध्यनरत छन्, अथवा कर नलाग्ने परिवारमा उच्च माध्यामिक विद्यालयमा अध्यनरत बाहेक १५ वर्ष भन्दा बढी र २३ वर्ष भन्दा कम उमेरका माध्यामिक विद्यालयमा अध्यनरत बाहेकका दाजुभाई दिदीबहिनी रहेका खण्डमा १,२९,७००यन हुनेछ। यस्तो अवस्थामा,परिवारको पालन पोषण सम्बन्धी अवस्थालाई प्रमाणित गर्ने कागज पत्र पनि छुट्टै पेस गर्नुपर्ने हुन्छ।

विद्यालय भरनाका लागी सहयोग रकम र छात्रवृत्ति अनुदान रकम फरक फरक प्रणाली भएको हुनाले अभिभावक सबैको कर छुट गरिएको सम्बन्धी प्रमाणित गर्ने कागज पत्रको आवश्यक्ता हुन्छ।साथै, छात्रवृत्ती अनुदान रकम लिन प्रयोग हुने बैंक खाताको निश्चय गर्नका लागी चेक बुकको फोटोकपी पेस गर्न आवश्यक हुनेछ।

साथै आर्थिक वर्ष रेइवा २ सालमा संक्रामक रोग नोभल कोरोनाभाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणको कारण, कर नलाग्ने परिवारलाई सञ्चार शुल्कमा पर्ने रकमको रूपमा थप १०,००० येन भुक्तानी गरिनेछ। घरमा बसेर अनलाइन अध्ययनको सञ्चार शुल्कमा प्रयोग गर्ने वाचा गर्नुपर्ने हुनाले, विद्यालयमा वितरण गरिने वाचापत्र आवश्यक पर्नेछ। साथै जीवन यापन आरक्षणको (सेकाचुहोगो) रूपमा रकम उपलब्ध गराइ पाएका परिवारहरू र पटक्कै सञ्चार शुल्क नलागेको कर नलाग्ने परिवारहरू यस थप भुक्तानीको दायरामा पर्नेछैनन्।

साथै आर्थिक वर्ष रेइवा २ सालमा संक्रामक रोग नोभल कोरोनाभाइरस (कोभिड १९) को असरलाई मध्यनजर गर्दै सामान्य निवेदनका साथै निम्न २ नयाँ प्रणालीहरूको व्यवस्था गरिएको छ।

१) विद्यालयमा भर्ना भएका नयाँ विद्यार्थीहरूलाई अग्रिम अनुदान: विद्यालयमा भर्ना भएका नयाँ विद्यार्थीहरू भएको परिवार भई, आर्थिक वर्ष रेइवा प्रथम सालको कर नलाग्ने परिवारलाई छात्रवृत्ति अनुदान रकमको केही अंश पहिले नै भुक्तानी गरिनेछ। यो प्रणाली प्रयोग गर्न चाहने व्यक्तिले सामान्य निवेदनको भन्दा फरक निवेदन प्रक्रिया गर्नुपर्नेछ।

२) अचानक घरखर्चमा ठूलो परिवर्तन आएको परिवारलाई सहयोग: आर्थिक वर्ष रेइवा २ सालमा कर लाग्ने परिवार भएको तर यो साल भएपछि सबै अभिभावकहरूको आम्दानी कर नलाग्ने परिवारको आम्दानी बराबरसम्म घटेको परिवारलाई छात्रवृत्ति अनुदान भुक्तानी गरिनेछ। यो प्रणालीको लागि, सामान्य निवेदनको दायरामा नपर्ने परिवारले मात्र निवेदन दिन सक्नेछ। यो प्रणालीको लागि निवेदन दिन चाहने व्यक्तिले, निवेदन फारामका साथै निम्न ४ कागजातहरू पेस गर्नु पर्नेछ।

१. आम्दानी घटेको कारण प्रमाणित हुने कागजात

२. घट्नु अघिको आम्दानी प्रमाणित हुने कागजातको रूपमा, आर्थिक वर्ष रेइवा २ सालको कराधान प्रमाण पत्र (सबै अभिभावकहरूको प्रति)

३. घटेपछिको आम्दानी प्रमाणित हुने कागजात (सबै अभिभावकहरूको प्रति)

४. परिवारको सबै सदस्यहरूको स्वास्थ्य बिमा कार्डको प्रतिलिपि अथवा पालन पोषण गर्ने परिवारको सदस्यको सङ्ख्या लेखिएको कराधान प्रमाण पत्र

यो प्रणाली प्रयोग गर्ने व्यक्तिले सञ्चार शुल्कको थप भुक्तानी पनि प्राप्त गर्न सक्ने हुनाले वाचापत्र पनि आवश्यक पर्नेछ।

जानकारीका लागी विद्यालय अथवा ओशाका महानगर पालिका शिक्षा अड्डा भवन आर्थिक विभाग(०६-६९४१-०३५१)मा सम्पर्क राख्नुहोला।